# बिमा कोष संचालन कार्यविधि, २०७७

**१. प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात यस बराहक्षेत्र नगरपालिका अन्तर्गत स्थानीय तहमा स्थायी भएका कर्मचारीहरुको लागि एक विमा कोष सञ्चालन गरी लागू गर्न वाञ्छनिय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार बिमा कोष सञ्चालन कार्यविधि बनाई लागू गरिएको छ ।

**२. उद्देश्य :** निजामती सेवावाट स्थानिय तहमा समायोजन भएका कर्मचारी सरह स्थानीय तहमा स्थायी भएको कर्मचारीहरुलाई पनि नगर सभावाट विनियोजित रकमको आधारमा नेपाल सरकारद्वारा तोकिएको सिमा नवढने गरी विमा रकम मासिक/वार्षिक रुपमा एकमुष्ट उपलब्ध गराउने यस कार्यविधिको उद्देश्य रहेको छ ।

**३. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम “बिमा कोष सञ्चालन कार्यविधि, २०७७” रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**४. बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा :**

क) “ऐन” भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) “कोष” भन्नाले बराहक्षेत्र नगरपालिकामा सञ्चालन भएको बिमा कोषलाई जनाउँदछ ।

ग) “कार्यविधि” भन्नाले बिमा कोष सञ्चालन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

घ) “सहभागी” भन्नाले बराहक्षेत्र नगरपालिकाका स्थानिय तहवाटै स्थायी नियूक्ति पाई हालसम्म कार्यरत कर्मचारीलाई बुझाउने छ ।

ङ) “कर्मचारी” भन्नाले स्थानिय तहमा नियूक्ति भएको स्थायी कर्मचारीहरुलाई जनाउँदछ।

च) “पारिश्रमिक” भन्नाले नेपाल सरकार तथा स्थानिय निकायले तोकेको रकम कर्मचारीहरुलाई दिईने रकमलाई जनाउँदछ ।

**५. कार्यक्रमको सञ्चालन :** स्थानिय तहमा स्थायी भएका कर्मचारीहरुलाई दिईने मासिक तलववाट सावधिक विमा कोष बापत चारसय रुपैया कट्टी गरी बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकावाट थपिने चार सय रुपैयाँ गरी जम्मा बार्षिक रु.९६००।- (नौ हजार छ सय) त्यस्ता कर्मचारीहरुलाई बिमा सुविधा उपलब्ध गराउने उद्देश्यले बिमा कोष सञ्चालन कार्यविधिको नामवाट एक कोषको योजना सञ्चालन गरिने छ ।

**६. विमा कोष योजनाको संचालन :**

क) विमा कोष संचालन कार्यविधि, २०७७ बमोजिम यस कोषको संचालन हुनेछ ।

ख) योजनाको आफ्नो छुट्टै कोष (फण्ड) हुनेछ । सो कोष (फण्ड) को संचालन प्रत्येक आर्थिक वर्षमा नगरपालिकाको नगर सभाबाट विनियोजित रकमबाट गरिनेछ ।

ग) कोष रकमको लेखा कार्यक्रम अन्तर्गत भुक्तानी रकमको लगानी प्राप्त आय समेत कार्यक्रम अन्तर्गतको हिसाब किताब छुट्टै लेखा राखिनेछ ।

घ) कार्यक्रमको प्रत्येक सहभागी कर्मचारीले निजको जम्मा गरेको रकम तथा कोषबाट जम्मा गरेको प्रतिफल समेत देखिने गरी व्यक्तिगत विवरण सहितको हिसाब राखिने छ ।

ङ) योजना अन्तर्गत विमा कोषको रेखदेख, संचलान र दक्ष व्यवस्थापनका निमित्त देहाय बमोजिमको एउटा छुट्टै न्यासधारी समितिको व्यवस्था गरिने छ ।

१) प्रमुख प्रशासकिय अधिकृत - अध्यक्ष
२) लेखा अधिकृत - सदस्य
३) प्रशासन शाखाको अधिकृत - सदस्य सचिव

**७. कार्यक्रममा सहभागी रहने :**

क) बराहक्षेत्र नगरपालिकामा कार्यरत कर्मचारीहरु यस योजनामा सहभागी हुनेछन् ।

ख) सहभागी कर्मचारीहरुले यसै साथ संलग्न अनुसूची-१ बमोजिमको व्यक्तिगत फाराम भरी पेश गर्नुपर्नेछ ।

ग) कोषको उपदफा ख बमोजिम दरखास्त प्राप्त भएपछि कर्मचारीको पूर्ण विवरण सहित अनुसूची-२ बमोजिमको सहभागी कर्मचारी सूचिमा सम्बन्धित कर्मचारीको नाम दर्ता गरिने छ र त्यसरी नाम दर्ता गरिएको व्यहोरा बराहक्षेत्र नगरपालिकाबाट जानकारी दिइने छ ।

**८. सावधिक जीवन विमा :**

क) कर्मचारीलाई प्रदान गरिने सावधिक जीवन विमा वापतको रकमको भुक्तानी नगरपालिकाको विमा कोषबाट गरिने छ ।

ख) कर्मचारीको मृत्युबाट पर्न सक्ने जोखिमलाई व्यवस्थापन गर्न विमा कम्पनीहरुमा १,००,०००।- (एक लाख) रुपैयाँको आवधिक जीवन विमा ( टर्म लाइफ इन्सुरेन्स) गर्न सकिने छ ।

**९. कार्यविधि संशोधन :**

यस कार्यविधि विमा कोष संचालन सम्बन्धी प्रक्रियागत कठिनाई परेमा कोषले बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले कार्यविधि संशोधन गरी कार्यान्वयन गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ७ को उपदफा (ख) सँग सम्बन्धित)

### बिमा कोषमा सहभागी हुन दिइने निवेदन

| क्र.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | लिङ्ग | पेशा | जन्म मिति | बिमाङ्क रकम | बिमा शुल्क रकम | ना.प्र.प.नं. | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |

कार्यालयको नाम :

आधिकारिक व्यक्तिको नाम :

पद :

सही :

मिति :

कार्यालयको छाप :

# अनुसूची -२

(दफा ७ को उपदफा (ग) सँग सम्बन्धित)

## बिमा योजनामा सहभागी कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | लिङ्ग | पेशा | जन्म मिति | बिमाङ्क रकम | थप बिमा शुल्क | जम्मा बिमा शुल्क | कायम हुने विमा अवधि | ना.प्र.प.नं. | नियुक्ति मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | |

**<u>प्रमाणिकरण गर्नेको</u>**

**दस्तखत** :

**नाम थर** : राजेश प्रसाद पोखरेल

**दर्जा** : प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या** : ५

**मिति** : २०७७०९।०७

**कार्यालयको छाप** :